**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २६ अप्रेल २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. दिल्ली उच्च न्यायलयले त्यस यचिकालाई ख्व्याारेज गरिदिएको छ जसमा प्रधानमंत्री नरेन्द्र मोदीले धर्मको नाममा भेट मांगेकोले उहाँलाई ६ वर्षको लागि अयोग्य ठहराउने निवेदन गरिएको थियो।

२. पश्चिम बंगालमा ७ मे को दिन हुने तेस्रो चरणको लोकसभा चुनावका लागि प्रचार अभियान तीव्र भएर गएको छ। बीजेपी ,टिएमसी ले सम्पूर्ण शक्तिकस यसथ्सा खुपसच प्रचार गरिरहेका छन्।

३. दार्जीलिङ लोकसभा आसनमा मतदान शान्तिपूर्ण सम्पन्न भएता पनि हिजो सिलगड़ीकासे मतिगड़ा इलाकामा टिएमसी का कार्यकर्ताहरूले बीजेपी कार्यकताहरू माथि हमला गएको घ्व्गटना प्रकाशमा आएको छ।

४. चुनाव आयोगले छैटौ चरणको लोकसभा चुनावको अधिसूचना जारी गरेको छ।

५. म्याचमा आज कोलकाता नाईट राईडर्रसको भीड़न्त दिल्ली कैपिटल बीच हुनेछ।

**दिल्ली उच्च अदालत**

दिल्ली उच्च अदालतले धर्मको नाममा भाजपालाई भोट मागेको आरोपमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई ६ वर्षका लागि अयोग्य ठहराउने निवेदन खारेज गरेको छ।निर्वाचन आयोगले पनि यस्तै राहतको माग गर्दै आफ्नो प्रतिनिधित्वबारे निर्णय गर्न बाँकी रहेका बेला निवेदक अदालतमा पुगेकाले निवेदन 'पूर्णतया गलत धारणा' भएको अदालतको भनाइ छ।

****** ० ******

प्रधानमन्त्री सोलापुर जनसभा

प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले महाराष्ट्रको सोलापुरमा जनसभालाई सम्बोधन गर्नुभयो। उहाँले देशमा कसैले पनि संविधान फेर्न वा आरक्षण अन्त्य गर्न नसक्ने बताउनु भयो।श्री मोदीले विपक्षीहरूले संविधान परिवर्तन र आरक्षण अन्त्यको बारेमा झूट फैलाएको आरोप समेत लगाउनु भयो।

****** ० ******

बम विष्फोट-मुर्शिदाबाद

मुर्शिदाबादमा लोकसभा चुनाव मइ ७ मा हुँदैछ। यसअघि नै पछिल्लो २४ घण्टामा बहरामपुर लोकसभा निर्वाचन क्षेत्रमा दुईवटा विस्फोट भइ सकेको छ। रेजीनगरपछि अहिले बेलडांगामा बम विष्फोटले पुरै क्षेत्र त्रसित भएको छ। सोमबार बिहान करिब ८;३० बजे बेलडंगाको झुम्का माझपाडा क्षेत्रको सुनसान स्थानमा बम विस्फोट भएको हो।घर नजिकै रहेको फोहोरको थुप्रोमा विष्फोट भएको बताइएको छ। यसको तीव्रताका कारण छेउछाउको घरको भान्साको टाईलको भाग भत्किएको थियो। घरको छत र पर्खालमा क्षति पुगेको बताइएको छ। उक्त क्षेत्रमा बमका टुक्रा छरिएका फेला परेका छन्। सूचना पाएलगत्तै पुलिस घटनास्थल पुगेको थियो। घटनाको अनुसन्धान जारी छ। उल्लेखनीय छ कि मुर्शिदाबादमा भएको विस्फोटका घटनाका कारण उच्च अदालतले चुनाव स्थगित गर्ने चेतावनी समेत दिएको थियो।

****** ० ******

मुख्यमन्त्री भजनलाल शर्माको बंगाल भ्रमण

राजस्थानमा चुनाव सकिएपछि राज्यका मुख्यमन्त्री भजनलाल शर्मा पश्चिम बंगाल आइ पुग्नु भएको छ। सोमबार उहाँले हुग्ली जिल्लाको उत्तरपारामा रोड शो गर्नु भयो। जहाँ ठूलो संख्यामा मानिसहरु जम्मा भएका थिए। रोड शोका क्रममा सडकको दुबै छेउमा ठूलो संख्यामा मानिसहरु उभिएका थिए। रोड शोको समापनपछि भजनलाल शर्माले सञ्चारमाध्यमलाई

सम्बोधन गर्नु हुदै, पश्चिम बंगालमा महिलामाथि हुने अत्याचार चरममा रहेको सन्देशखालीमा के भयो देशले देखेको बताउनु भयो । पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले अपराधीहरूलाई कारबाही गर्नुको सट्टा संरक्षण गरिरहेकी छिन्, किनभने तिनीहरू अल्पसंख्यक समुदायका हुन् र ममता आफ्नो भोट बैंक गुमाउन चाहँदैनन्। यसका साथै शर्माले बंगालका जनताले यहाँ सत्ता परिवर्तन हुने निर्णय गरेको बताउनु भयो ।राजस्थानका मुख्यमन्त्रीले भाजपाले राज्यको ४२ सिटमध्ये कम्तीमा ३५ सिट जित्ने विश्वास ब्यक्त गर्नु भयो। रोड शोमा ठूलो भीड जम्मा भएको देखेर उहाँले ठूलो संख्यामा यहाँ आएका मानिसहरुले बङ्गालमा परिवर्तनको संकेत भएको बताउनु भयो ।

****** ० ******

**मतदान पछि हिंसा**

दार्जीलिङ लोकसभा आसनमा गत २६ अप्रेलको दिन मतदान शान्पिूर्ण सम्पन्न भएता पनि हिजो सिलगड़ीको मतिगडाामा हिंसा भएको छ। बीजेपी कार्यकर्ताहरूमाथि टिएमसी कार्यकर्ताहरूले हमला गरेको घटना प्रकाशमा आएको छ। यस हमलामा बीजेपी का ५-६ जना कार्यकर्ताहरू गंभीर रूपामा घाइते भएका छन्। भाजपा सांसद तथा यस लोकसभा चुनावमा बीजेपी का उम्मेद्वार राजु विष्टले सो हमलाको कड़ा निन्दा गरेका छन्। उहाँले एक प्रेस विज्ञप्तीमा पुलिस प्रशासनले कुनै कारवाही नगरेको आरोप लागाउँदै टिएमसी को गुण्डागर्द बर्दास्त नगरिने बताउनु भएको छ। टिएमसी मा कार्यकर्ताहरूले बीजेपी का बुथ प्रमुखलाई मतदान अघिनै धम्की दिन्दै आएको तथा हमलाको दिन पनि बिहानै पुलिसलाई सूना दिइएता पनि पुलिसले केही नगर्दा आँट पाएर दिउँसो हमला भ्ज्ञएको राजु विष्टले बताए। उहाँले जिल्ला शासक तथा जिल्ला पुलिस अधीक्षक सहित पुलिस आयुक्त समेतलाई घटनाको संज्ञान लिन्दै दोषी पुलिस अधिकारी र हमलाकारीहरू विरूद्ध कठोर कारवाही गर्न भनेका छन्।

****** ० ******

ED

सन्देशखाली घटनाबाट पाठ सिक्दै, केन्द्रीय औद्योगिक सुरक्षा बल (CISF) ED को प्रत्येक कार्यालयमा तैनाथ गरिनेछ। केन्द्रीय अनुसन्धान एजेन्सीमा भर्खरै भएको आक्रमणपछि गृह मन्त्रालयले ईडीको कार्यालयमा सीआईएसएफ तैनाथ गर्ने निर्णय गरेको छ।प्रवर्तन निर्देशनालय वा ईडीको कुल 40 शहरहरूमा 21 क्षेत्रीय र 18 उप-क्षेत्रीय कार्यालयहरू छन्। गृह मन्त्रालय स्रोतका अनुसार सीआईएसएफले गुप्तचर सूचनाका आधारमा नियमित तैनाथी योजना तयार गर्नेछ। ईडी कार्यालयमा सीआईएसएफ तैनाथीको काम आगामी केही महिनामा सम्पन्न हुने बताइएको छ ।

****** ० ******

लोक सभा चुनावको छैटौ चरण

लोक सभा चुनावको छैटौ चरणमा पश्चिम बंगालका आठ सिटमा मतदान हुनेछ, जसको अधि सूचना निर्वाचन आयोगले आज जारी गरेको छ| 25 मइको दिन हुने मतदानमा बंगाल अधिनस्थ तम्लुक, कंथी घतल झरग्राम मेदिनुपुर पुरुलिया बन्कुरा अनि विष्णुपुरका मतदाताहरुले आफ्नो मत प्रकट गर्नेछ| चौथो चरणको मतदानको निम्ति निर्वाचन आयोगले पूर्ण तयारी गरेको छ|

************

निर्वाचन आयोग-अधि सूचना

निर्वाचन आयोगले लोकसभा चुनाव २०२४ को छैटौं चरणको लागि अधिसूचना जारी गरेको छ। यस चरणमा छ राज्य र एक केन्द्र शासित प्रदेशको ५७ लोकसभा सीटका लागि चुनाव हुनेछ। छैटौं चरणमा दिल्लीका सबै सात सिट, हरियाणाका सबै १० सिट, उत्तर प्रदेशका १४ सिट, बिहार र पश्चिम बंगालका आठ-आठ सिट, ओडिशाका ६ सिट र

झारखण्डका चार सिटमा मतदान हुँदैछ। उम्मेदवारी दर्ता गर्ने अन्तिम मिति ६ मइ हो । नामांकन जाच ७ मइमा हुनेछ र उम्मेदवारी फिर्ता लिने अन्तिम मिति ९ मइ रहेको छ ।

************

इलाम–२-उपचुनाव

नेपालको इलाम–२ मा भएको प्रतिनिधि सभा उपनिर्वाचनको मतगणना जारी रहेको छ । हालसम्म नेकपा एमालेका सुहाङ नेम्वाङले फराकिलो मतले अग्रता बनाएको स्त्रोतले जनाएको छ। नेम्वाङको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका डम्बरबहादुर खड्का रहेका छन् । ज्ञात गराइन्छ सुहाङ नेम्बाङ नेकपा एमालेका शिर्षस्थ नेता सुबास नेम्बाङका पुत्र हुन् भने उहाँको निधन भएपछि इलाम क्षेत्र 2 मा उपचुनाव भएको हो। जसको अन्तिम मत परिणाम आउन बाकी छ|

************

**डाक्टर सोनाम भोटिया-**

सन् 1994 देखि कालेबुङ जिल्ला अन्तर्गत लाभा बजारमा डाक्टर सोनाम भोटिया र टोलीद्वारा स्वास्थ्य क्षेत्रमा ग्रामीणवासीहरूलाई निःशुल्क चिकित्सा सेवा पुराउदै आइरहेको थियो भने यो निःशुल्क स्वास्थ्य चिकित्सा सेवा अभियानले 30 वर्ष पुरा गरेको अवसरमा लाभावासी र लाभा काग्यु थेक्चेन्लिङ्ग गुम्बाद्वारा उहाँलाई अभिनन्दन जनाएको छ।

****** ० ******

ग्रेफ मजदुर

कालेबुङ जिल्ला अधिनस्थ गोरूबथान खण्ड अन्तर्गत गैरीबास नक्सलमा ग्रेफका उच्च अधिकारीले मजदुरहरूलाई सिमेन्टको अभावले गर्दा अब उप्रान्त मजदुरहरूलाई पालैपालो काम लगाउने विषयमा बोले पछि ग्रेफका मजदुरहरू आक्रोशित बनेको देखियो । मजदुरहरूको पक्षबाट सुपरभाइजरहरू अधिकारीसित पहिलो सभामा बसेता पनि समस्याको समाधान हुन सकेन । ग्रेफका मजदुरहरूले यो पनि बताए कि कुनै अधिकारीहरू सम्पर्कमा आउन नमानेको भागी भागी हिडेको यस्तो व्यबारबाट पनि उनीहरू रुष्ट बनेका हुन् । अन्तमा दोस्रो सभापछि एक एक दिन गरेर पालैपालो काम लगाउने यसमा मजदुरहरूले समर्थन गरेका छन् । आज एक दिनको निम्ति ग्रेफमा काम बन्द भएको पनि मजदुरहरूले बताएका छन् ।

****** ० ******

**मिरिक बजारमा चोरी**

मिरिक क्षेत्रमा दिनानुदिन बढ्दो चोरीको घटनाले स्थानीयहरु आतंकित बन्दैछन। यसैक्रममा हिजो राती मिरिक बजार निवासी फैजाल हकको घर अनि रितेश गुप्ताको दोकान चोरी भएको छ। फैजाल हक उपाचारको निम्ति मिरिकदेखि बाहिर रहेको समय घरमा चोरी भएको हो भने दोकानदार रितेश गुप्तको दोकान तोडिएको छ। पुलिस घटनाको जाँचमा जुटेको छ।

****** ० ******

कालेबुङ्ग डब्लिङ-धर्ना

कालेबुङ्गको डब्लिङ तर्फ जाने लिङ्क रोड अलपत्र पारेको भन्दै अहिले बिभिन्न माग लिएर रानी कम्पनी विरुद्ध स्थानीयवासी आन्दोलित छन्। आज स्थानीयवासीको पक्षबाट लाभा अलगडा खण्ड-2 पञ्चायत समिति उपाध्यक्ष अशोक लेप्चा, गितडब्लिङ ग्राम पञ्चायत प्रधान पासाङडोमा, पञ्चायत सदस्या सामरी लेप्चा, लाभा खण्ड एक पञ्चायत समिति उपाध्यक्ष अशोक लेप्चा धर्ना स्थल पुगेका थिए। धर्नामा बसेका डब्लिङ, रियोन, कटहरे, सरेक्साका स्थानीयवासीहरूले आवश्यक परे आफुहरु अदालत सम्म जाने बताएका छन्। निर्माणाधीन राजमार्ग 717 A निर्माणका कारण डब्लिङ, रियोन, सरेक्सा कटहरे लगायतका स्थानीय जनता खुनी गोलाईबाट डब्लिङ तर्फ जाने ग्रामीण सडक जीर्ण भएको भन्दै आन्दोलित बनेका हुन्।राजमार्ग निर्माण कम्पनी 'रानी कम्पनी' ले मापदण्ड अनुरूप सडक निर्माणको लिखित आश्वासन नदिएसम्म आफुहरुको आन्दोलन जारी रहने स्थानीयवासीले बताएका छन्।

****** ० ******

## तृणमूल काङ्ग्रेस अनि भाजपा-माझ झमेला

18औ लोकसभा चुनाउ शान्तिपूर्वक समाप्त भए तापनि यसको लगत्तै दुई दिनमा नै सिलगढीको मतिगढा 2 नम्बर अञ्चल इलाकामा गत राति जय श्री रामको नाराबाजीलाई लिएर तृणमूल काङ्ग्रेस अनि भाजपा-का समर्थकहरूमाझ व्यापक झमेला भएपछि तनाउको माहौल देखा परेको थियो। उक्त झमेलामा भाजपाका 10 जना समर्थकहरूमाथि तृणमूलले प्राण घातक हमला गरेको आरोप रहको छ। प्राप्त जानकारी अनुसार उक्त हमलामा घाइते भएका भाजपाका घाइते समर्थकहरू अस्पतालमा भर्ना भएका छन्। यसैबीच, उक्त घटनालाई लिएर भाजपा समर्थकहरूले गत अबेर रातिसम्म मतिगढा पुलिस थाना घेऱाउ गऱ्यो। यसपछि भाजपाले आज सोमबार 12 घन्टा बन्दको आह्वान गरेको थियो। उक्त बन्दलाई सफल पार्नका लागि आज बिहानैदेखि भाजपा कार्यकर्ताहरू सडकमा ओर्लिएका छन्। भाजपा समर्थकहरूले सडकमा टायर जलाएर घटनाको प्रतिवाद जनाउँदै बन्दलाई सफल पारिदिने आह्वान गरेको छ। यसको साथै भाजपा समर्थकहरूले आज मतिगढा बजार अनि अस्पताल मोड इलाकामा घुमेर खुल्ला रहेका सबै दोकान-पाट बन्द गरिदिने आह्वान गरे।अर्कोतिर, अभियोगको आधारमा नाम दर्ता भएका आरोपीहरूमध्ये 2 जनालाई पक्राउ गरेपछि आज तिनीहरूलाई सिलगढी अदालतमा पेश गरियो। पक्रा पर्नेहरूमा नितेश सिंह र अब्दुल अली सामेल छन्।

****** ० ******

## आईपीएल क्रिकेट

आईपीएल क्रिकेटमा हिज राती चेन्नईको एम. ए. चिदम्बरम स्टेडियममा खेलिएको म्याचमा चेन्नई सुपर किंग्सले सनराइजर्स हैदराबादलाई 78 रनले पराजित गरेको छ ।चेन्नई सुपर किंग्सले सनराइजर्स हैदराबाद अघि 213 रनको बिशाल लक्ष्य राखेको थियो जसको जवाबमा सनराइजर्सले 18.5 ओवरमा केवल 134 रन मात्रै बनाउन सक्यो|

हिजो दिउसो भएको अर्को म्याचमा रॉयल चैलेंजर्स बेंगलुरु आरसीबीले अहमदाबादको नरेंद्र मोदी स्टेडियममा गुजरात टाइटंसलाई नौ विकेटले पराजित गरेको छ । आज कोलकाताको ईडन गार्डन्समा कोलकाता नाइट राइडर्सले दिल्ली कैपिटल्स बिरुद्ध खेल्नेछ, मैच बेलुकी 7 बजेर 30 मिनेटमा शुरु हुनेछ| .

****** ० ******

****** ० ******

****** ० ******